नेपाल सरकार
# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

फोन { ४२००३०९
४२००२८१

(सामाजिक परिचालन तथा गै.स.स समन्वय शाखा)

पत्र संख्याः- २०७२/७३

चलानी नं.:- 65

मिति :-

मिति २०७३/०३/०६

श्री जिल्ला विकास समितिको कार्यालय सबै,

**बिषयः - गैर सरकारी संस्था परिचालन संबन्धमा ।**

प्रस्तुत बिषयमा स्थानीय स्वायत्त शासन ऐन २०५५ र नियमावली २०५६ को मर्म र भावना अनुरुप स्थानीय तहमा गैर सरकारी संस्थाहरुको परिचालन हुन नसकिरहेको सन्दर्भमा "स्थानीय निकाय गैसस परिचालन कार्यविधि" तर्जुमा प्रक्रिया सुरु भैसकेको व्यहोरा अनुरोध गर्दै हाल राष्ट्रिय/अन्तर्राष्ट्रिय गैससहरुलाई स्थानीय निकायको योजना प्रक्रियामा बढी भन्दा बढी सहभागी गराई प्रभावकारी परिचालन गर्न मन्त्रालयको च.नं ४५ मिति २०७३/०१/०६ को परिपत्र प्राप्त भएकै होला सो को प्रभाबकारी कार्यान्वयन गर्नुका साथै तपसिल बमोजिम गर्नु गराउनु हुन समेत सचिबस्तरको मिति २०७३/०३/०३ को निर्णयानुसार अनुरोध छ ।

<u>तपसिल</u>

१) गैससहरु संग परियोजना संझौता गर्दा र पूर्व सहमति दिंदा स्थानीय विकास अधिकारीले मात्र गर्ने । स्थानीय विकास अधिकारी नभएको अबस्थामा मन्त्रालयले निमित्त स्थानीय विकास अधिकारीको काम गर्न तोकेको पदाधिकारीले मात्र गर्ने।

२) परियोजनाका लागि समाज कल्याणप परिषद्मा पूर्व सहमति दिंदा अनिवार्यरुपमा परियोजना कार्यान्वयन हुने गा.वि.स/न.पा र वडा छनौट, लाभग्राही छनौट, परियोजना क्रियाकलाप निर्धारण आदि संबन्धमा जिल्लाका बिषयगत कार्यालय र सरोकारवालाहरु संग छलफल गरेर मात्र समाज कल्याण परिषद्ले तोकेको ढाँचामा सहमति पत्र दिने। उक्त सहमति पत्रको ढाँचा यसैसाथ संग्लग्न छ ।

३) सबै जि.वि.समा NGO Desk स्थापना गर्ने। NGO हरुको प्रोफाइल अध्यावधिक गर्ने।

४) परियोजना सम्झौता गर्दा वा पूर्व सहमति दिंदा धर्मप्रचार वा तत्सम्बंधि गतिबिधि संचालन गर्ने प्रकृतिका परियोजनालाई अस्वीकृत गर्ने ।

(हस्ताक्षर) ०७२/३/६
उप-सचिव

**<u>बोधार्थ:</u>**

श्री समाज कल्याण परिषद्, लैनचौर, काठमाडौं ।

श्री सूचना तथा विधुतीय शासन शाखा, संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय:

वैदेशिक सहयोगमा कार्यक्रम संचालन गर्ने गैर सरकारी संघ संस्थाले परियोजना प्रस्ताव साथ समावेश गर्ने पूर्व सहमति पत्रको प्रयोजनको लागि जिल्ला विकास समिति .................. र ..................................................................... गै.स.स.वीच भएको प्रारम्भिक सहमति पत्र ।

समाज कल्याण परिषद्को कार्यक्रम स्वीकृति सम्वन्धी निर्देशिकाको वुंदा नं. ४.२ (घ) को प्रयोजनार्थ

१. संस्थाको नाम र ठेगानाः

२. परियोजनाको नामः

३. सम्पर्क व्यक्तिः मोवाईल नं. ई-मेलः

४. परियोजना स्थल (गा.वि.स./वडा नं.)

५. परियोजनाको अवधिः

क) शुरु हुनेः ख) सम्पन्न हुनेः

६. कार्यक्रमको उद्देश्यहरुः

७. परियोजनाको मूख्य-मूख्य कृयाकलापहरुः

७. परियोजनावाट हुने लाभान्वित संख्याः

८. अपेक्षीत उपलब्धीः

९. अनुमानित वजेटः

समाज कल्याण परिषद्वाट कार्यक्रम स्वीकृति पश्चात विस्तृत परियोजना प्रस्ताव जिल्ला विकास समितिमा अनिवार्य रुपमा पेश गर्ने गरी सम्वन्धित स्थानिय निकाय संग समन्वय गरी कार्यक्रम संचालन गरी जिल्ला विकास समितिको वार्षिक योजनामा समावेश गर्ने गरी जिल्ला विकास समिति ...................... र ........................................................................................ संस्था वीच प्रारम्भिक पूर्व सहमति भएको छ ।

संस्थाको तर्फवाट
हस्ताक्षरः
नामः
पदः
मितिः
संस्थाको छापः
सम्पर्क टेलिफोन नं./मोवाईल नं
ई-मेलः

जिल्ला विकास समितिको तर्फवाट
हस्ताक्षरः
नाम
पदः
मितिः
कार्यालयको छापः
सम्पर्क टेलिफोन नं./मोवाईल नं.
ई-मेलः